हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल पुष ८ गते मंगलवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।०८

**मिति २०८२/०९/०८ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।
२. नगरपालिकाको कार्यालय सार्ने सम्बन्धमा ।
३. संघीय समपुरक र विशेष कोष अनुदानको योजना छनौट सम्वन्धमा ।
४. उपभोक्ता समिति गठनको म्याद थप सम्बन्धमा ।
५. आर्थिक सहायता सम्बन्धमा ।
६. वडा नं. १ को अपुग रकम विनियोजन सम्वन्धमा ।
७. वडा नं. ७ को नालामा ढकन निर्माण सम्बन्धमा ।
८. सर्भिस फर पिस-नेपाललाई आर्थिक सहयोग सम्बन्धमा ।
९. मालपोत कार्यक्षेत्र समायोजन सम्बन्धमा ।
१०. मालपोत कार्यालयलाई कम्प्युटर सेट सहयोग गर्ने सम्बन्धमा ।
११. झिम खोलामा ह्यावी इक्युमेन्ट संचालन अनुमति दिने सम्बन्धमा ।
१२. वकिलको रकम भुक्तानी सम्बन्धमा ।
१३. शितलहरमा दाउरा वितरण कार्यक्रममा रकम विनियोजन गर्ने सम्बन्धमा ।
१४. वडा नं. ७ भलिवल ट्रेनिंग सेन्टर र कभडहलको जग्गा सम्बन्धमा ।
१५. करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्वन्धी कार्य संचालन कार्यविधि सम्बन्धमा ।
१६. समुदाय अभिमुखिकरण निर्देशिका सम्वन्धमा ।
१७. रंगरोगनर हयाण्डपाइप मर्मत सम्भार सम्बन्धमा ।
१८. स्थलगत निरिक्षणको लागि शुल्क जम्मा गर्ने सम्बन्धमा ।
१९. फोहोर संकलन सम्वन्धमा ।
२०. विविध सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयको प्रशासनीक भवन निर्माणको लागि टेण्डर प्रक्रियामा अगाडी बढीसकेको हुँदा ठेकेदारलाई ठेक्का सम्झौता गराई सो प्रशासनी भवन निर्माण कार्य शुरु गर्न यस नगरपालिका कार्यालयलाई संचालन गर्न आवश्यक रहेकोले प्रशासनिक भवन निर्माण नहुन्जे सम्म यस पालिकाको वडा नं. २ अन्तर्गत रहेको संघीय सरकारबाट हस्तान्तरीत व्यवसायिक भवनमा नगरपालिका कार्यालय मिति २०८२ पुस भित्र स्थानतरण गरी नगरपालिका कार्यालय संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा देहाय अनुसारको समपुरक योजना तथा विशेष अनुदान सम्बन्धीको योजना संघीय तथा प्रदेशसँग माग गर्ने निर्णय गरियो ।

मिति २०८२।०१।०८

क. आगामी आ.व. २०८३/०८४ को लागी समपुरक अनुदान सम्बन्धी (पिहलो संशोधन) कार्यविधि २०८२ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

संघीय सरकारसँग माग गर्ने समपुरक योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | वृहत खानेपानी आयोजना चिताइन पच्छगछिया | हरिपुर ७ | डिपिआर |
| २ | विभिन्न वडाका नगरपालिकामा जोडने लिंक रोड कालोपत्रे | नगरपालिका भरी | लागत अनुमान अनुसार |
| ३ | हात्तिसार खेल मैदान स्तरोन्नती कार्य | हरिपुर ८ | लागत अनुमान अनुसार |
| ४ | नगरपालिका जोडने आरसिसि सडक निर्माण | हरिपुर नगरपालिका भरी | लागत अनुमान अनुसार |
| ५ | शित भण्डार निर्माण | हरिपुर ७ | लागत अनुमान अनुसार |

ख. आगामी आ.व. २०८३/०८४ को लागी विशेष अनुदान सम्वन्धी (पिहलो संशोधन) कार्यविधि २०८२ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

संघीय सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्था भवन निर्माण कार्य | हरिपुर ९ पिडारी | लागत अनुमान अनुसार |
| २ | श्री सार्वजनिक मावि भवन लक्ष्मीपुर निर्माण कार्य | हरिपुर ६ लक्ष्मीपुर | लागत अनुमान अनुसार |
| ३ | नगरपालिका भरी नाला निर्माण | नगरपालिका सम्पुर्ण वडामा | लागत अनुमान अनुसार |
| ४ | हरैया डिवार्नी पोखरी सौन्दर्यकरण कार्य | हरिपुर ४ हरैया | लागत अनुमान अनुसार |
| ५ | श्री पाँच कुमार रामऔतार लक्षिया मावि भवन निर्माण कार्य | हरिपुर १ हजारविघा | लागत अनुमान अनुसार |

मिति २०८२।०९।०८

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८२।०८३ मा पन्ध्रौं नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रम संचालन गर्नको लागि नगरस्तरीय र वडास्तरीय योजनाहरुलाई कार्यान्वयन गर्नको लागि मिति २०८२ असोज ३१ गते सम्म उपभोक्ता समिति गठन गर्नलाई म्याद रहेको हुँदा मिति २०८२ कार्तिक १ गते देखि आज सम्म गठन भएको उपभोक्ता समितिलाई अनुमोदन गर्दै मिति २०८२ फागुन मसान्त सम्मको लाग उपभोक्ता समिति गठनको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | नजिरा खातुन (मोहमद हुसेन) | ६ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।८।२२ | २०८२।८।२१ च.नं. ५४८ | ६०००।०० |
| २ | जगत बहादुर लुंगेली | १ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।८।२९ च.नं. ५८१ | ६०००।०० |
| ३ | बिगनी देवी कुमर | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।८।२१ | २०८२।८।२१ च.नं. ३९५ | ६०००।०० |
| ४ | समा चकेवा कार्यक्रम थारु समुदाय | ९ | हरिपुर | धर्म सांस्कृतिक | २०८२।७।१७ | २०८२।७।२३ | ६०००।०० |
| ५ | नवल किशोर ठाकुर | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।७ | २०८२।०९।७ च.नं. ४६६ | ६०००।०० |
| ६ | ललिता कुमारी चौधरी | ५ | हरिपुर | घर डुवान | २०८२।७।२० | २०८२।७।१८ च.नं. ३६९ र इ.प्र.का. हरिपुरको प.सं. २०८२।०८३ च.नं. १२२९ मिति २०८२।७।२० गतेको सिफारिस पत्र | ६०००।०० |
| ७ | दिप नारायण चौधरी | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।९।६ | २०८२।९।६ च.नं. | ६०००।०० |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर,सर्लाही
मधेश प्रदेश,नेपाल
२०७३

मिति २०८२।०९।०८

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ४५८ | |
| ८ | पुजारी भिखारी राउत | ८ | हरिपुर | बहमबाबाको पुजा पाठ धर्म संस्कृति | २०८२।९।६ | २०८२।९।६ च.नं. ४६३ | ६०००।०० |
| ९ | जोगिन्द्र महतो | १ | हरिपुर | टेलर सहित साबा कतरनी धानमा आगलागी भएको | २०८२।९.।२४ | २०८२।९।७ च.नं. ६३२ | ६०००।०० |
| १० | बलराम दमाइ | २ | हरिपुर | आगलागी | | २०८२।९।८ च नं ९०० | १००००।०० |

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. ४५६, मिति २०८२।८।११ गतेको रकम विनियोजन सम्वन्धको प्राप्त पत्रानुसार हरिपुर नगरपालिका वडा नं. १ नखाटोलमा विद्युतिय पोल सार्न रु. १०००००।०० विनियोजन गरिएको र प्राविधिक लागत अनुमान अनुसार रकम रु. ३६०००।०० अपुग भएकोले सो पोल सार्ने कार्य स्थगित भएको हुँदा उक्त पोल सार्ने कार्य गर्न अपुग रकम रु. ३६०००।०० यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. २९ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत खर्चको खर्च शिर्षक २२२३१ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट रु. ३६०००।०० रकम विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. ३९६, मिति २०८२।८।२१ गतेको सिफारिस गरिएको सम्वन्धको प्राप्त पत्रानुसार हरिपुर नगरपालिका वडा नं. ७ मा राजको घर देखि मण्डप सम्म नाला निर्माण अघिल्लो आ.व. मा कार्य सम्पन्न भएको र सो नालामा बाटो पर्न गएको हुनाले आवत जावत गर्न कठिनाई भएकोले यस नगरपालिका कार्यालयबाट कालोपत्रे बाटो देखि अनिल चौधरीको घर सम्म नालामा ढकन निर्माण गर्न प्राविधिक लागत अनुमान अनुसार ३०८८०।२९ रकम यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. २९ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत खर्चको खर्च शिर्षक २२२३१ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट रु. ३०८८०।२९ रकम विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा सर्भिस फर पिस-नेपालको मिति २०८२।८।३ गतेको आर्थिक सहयोग उपलब्ध गराईदिने सम्वन्धको प्राप्त पत्रानुसार आ.व. २०८२।०८३ मा उक्त संस्थाले लताकपडा, युनिफर्म, खाधान्न सामाग्रि लगायतका सामाग्रीहरुको वितरणको लागि यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५६ को सि.नं. १६५ मा अन्य संस्था सहायताको खर्च शिर्षक २२३१५ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट रु. ५००००।०० रकम विनियोजन गरी कार्यक्रम संचालन गर्न आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०९।०८

प्रस्ताव नं. ९ मा छलफल गर्दा मालपोत कार्यालय हरिवन, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. १८३६, मिति २०८२।०८।२१ गतेको कार्यक्षेत्र समायोजन सम्बन्धको प्राप्त पत्रानुसार मालपोत तथा नापी कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कार्यक्षेत्र समायोजन गर्न यस नगरपालिकाको सम्पुर्ण/आंसिक वडाहरुको कार्यक्षेत्र मालपोत/नापी कार्यालय हरिवनको कार्यक्षेत्र समावेश गर्न वडा थप/घट गर्ने विषयमा साविक बमोजम नै कार्य गर्ने मालपोत/नापी कार्यालय हरिवनमा लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा मालपोत कार्यालय हरिवन, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. २१३६, मिति २०८२।०९/०७ गतेको आवश्यक सहयोग सम्बन्धको प्राप्त पत्रानुसार भूमि प्रशासन सम्बन्धी सम्पुर्ण कार्य कम्प्युटर आधारित भूं-सूचना प्रणाली मार्फत हुँदै आएको र तहाँ कार्यालयको सो कम्प्युटर सेटले प्रभावकारी रुपमा कार्य नभएको हुँदा यस नगरपालिकाबाट १ सेट कम्प्युटर उपलब्ध गराउन यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५६ को सि.नं. १६५ मा अन्य संस्था सहायताको खर्च शिर्षक २२३१५ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट कम्प्युटर सेट १ थान खरिद गरी मालपोत कार्यालय हरिवनलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा हरिपुर नगरपालिका क्षेत्र भित्र रहेको झिम खोलाको ठेक्का साकार गर्ने कम्पनीले खोलाबाट वालुवा, ग्राभेल विक्रि तथा ढुवानी गर्नका निम्ती मिति २०८२।०८।२८ गते सवारी साधन (हेभी ईक्यूपमेन्ट) अनुमतिको माग निवेदन पेश गरेको र सो कार्यको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पत्राचार गर्दा स्वीकृत प्रारम्भीक बातावरणीय प्रशिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार तोकेको स्थान तथा क्षेत्रहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ३ र दफा ४ मा उल्लेखित व्यवस्थाहरुको पालना गरी प्रारम्भीक बातावरणीय पशिक्षण प्रतिवेदनको दफा ३.१(४) र ३.४ माग भएका देहायका सवारी साधनको उत्खन्न तथा विक्रिको लागि अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का साकार गर्ने फर्मको नामत् | सवारी साधनको नाम | सवारी साधनको नाम | सवारी साधनको नम्बर |
|---|---|---|---|---|
| १ | झिम खोला | ॐनिर्माण सेवा-चन्द्रनगर-२, सर्लाही | स्काभेटर-१ थान<br>ट्रिपर-१ थान | ज १ क ६४३<br>प्र २-०३-००१ ख २२४८ |

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ५ मा बस्ने उमेश चौधरी र श्रीमती सुमित बस्नेत विपक्षीले जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ५ को कार्यालयलाई श्री उच्च अदालत जनकपुरमा रि.नं. २०८२-wo-०४८० मुद्दा उत्पेरेशन परमादेशको लिखित जवाफ श्री उच्च अदालत जनकपुरमा पेश गरेको वकिल शिव कुमार सिंह दनुवारलाई यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५४ को सि.नं. ११४ मा विविध कार्यक्रम खर्चको खर्च शिर्षक २२५२९ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट रु. १५०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर,सर्लाही
मधेश प्रदेश,नेपाल
२०७३

मिति २०८२।०९।०८

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिकामा जाडोयाममा शितलहर भईरहेको हुँदा सम्पुर्ण वडाहरुमा गरिव, दलित तथा जेष्ठ नागरिक बसोवास गर्ने टोल समुदायमा काठ दाउरा खरिद गरी वितरण गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५४ को सि.नं. ११३ मा विपद व्यवस्थापन कार्यमा खर्च शिर्षक २२५२९ मा रकम रु. ८,५०,०००।०० विनियोजन भएको रकमबाट रु. २,००,०००।०० विनयोजन गरी काठ दाउरा खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ अन्तर्गत भलिवल ट्रेनिंग सेन्टर र कवर्ड हलको जग्गा साविक जिल्ला सर्लाही गा.वि.स. हरिपुर ५ किता नं. १९२ प्र. क्षेत्रफल ३-१०-० एलानी जग्गा रहेको र हाल उक्त जग्गाको संरक्षण यस हरिपुर नगरपालिका मातहत रहेको र सो जग्गामा भलिवल ट्रेनिंग सेन्टर र कवर्ड हल निर्माण कार्य संचालन गर्न स्वीकृत दिने निर्णय गरियो ।

प्रस्ताव नं. १५ मा छलफल गर्दा यस नगरपालिकामा करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्वन्धी कार्य संचालन कार्यविधि, २०८२ अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको समुदाय अभिमुखिकरण निर्देशिका अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिकाको १ नं. वडा कार्यालयको प.सं. २०८२।०८३, च.नं. ५९०, मिति २०८२।०९।०१ गतेको रकम विनियोजन सम्वन्धको प्राप्त पत्रानुसार वडा नं. १ मा रहेको हरिहर माई मन्दिरमा रंग रोगन गर्न र पानी पिउनको लागि हयाण्डपाइप मर्मत सम्भार गर्न यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५४ को सि.नं. ११४ मा विविध कार्यक्रम खर्चको खर्च शिर्षक २२५२९ मा रकम रु. ५०००००।०० विनियोजन भएको रकमबाट प्राविधिक लागत अनुमान बमोजिम रंगरोगन र मर्मत सम्भार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत श्री जनता माध्यमिक विद्यालय हरैया सर्लाहीको प सं २०८२।०८३ च नं ४२ मिति २०८२।०९।०८ गतेको प्राप्त पत्रानुसार हरिपुर ४ हरैया सर्लाहीमा हरिपुर परफेक्ट इन्स्टीच्युट संचालनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद स्तर निर्धारण गर्न तथा सम्वन्धन महाशाखा सानोठिमी भक्तपुरद्धारा स्थलगत निरिक्षण गर्न रु १०००००।०० दरले इन्स्टीच्युटको लागि फार्मेसी रेडियोग्राफी र ज्योमेटिक्सको लागि रकम रु ३०००००।०० यस नगरपालिका शिक्षा शाखाको सिफारिस बमोजिम नियमानुसार श्री जनता मावि हरिपुर ४ हरैयाको नेपाल बैंक लिमिटेड मलंगवाको खाता नं ०२९००१०१२११५८४००००१ मा रकम जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ मा छलफल गर्दा यस नगरपालिकाको सम्पुर्ण वडाहरुमा फोहोर संकलन गर्न महिनामा १ पटक सम्पुर्ण वडाहरुमा फोहोर संकलन गर्न नगरपालिकाबाट टिपर पठाउने निर्णय गरियो ।